# बागलुङ जिल्लाको बार्षिक बजार अनुगमन सम्बन्धी कार्ययोजना, (२०८१।०८२)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

१. विषय प्रवेशः-

जिल्लाको बजारमा सहज, गुणस्तरिय र उचित मुल्यमा बस्तु तथा सेवाको आपूर्ति हुने सुव्यवस्था कायम गरी उपभोक्ताको वस्तु तथा सेवामा सहज, सरल र तोकिएको मुल्य सहितको पहुँच सुनिश्चित गरी कानूनी राज्य र सुशासन व्यवहारिक प्रत्याभुति दिलाउन बागलुङ जिल्लाको बार्षिक बजार अनुगमन कार्ययोजना २०८१।०८२ तयार गरिएको हो । यस कार्ययोजनाको कार्यान्यवनमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका विभिन्न निकाय र गैरसरकारी संघ, संस्थाहरुको सहभागिता रहनेछ। निरन्तरता, सहभागिता र प्रभावकारीतालाई अनुगमनका आधारका रुपमा लिईएको छ। जिल्लामा रहेका विषयगत कार्यालयहरुबाट हुने अनुगमनलाई यसै अनुगमनको अभिन्न भागको रुपमा विकास गरिनेछ।

२. अनुगमनको लागि बजारको विभाजनः-

बजारको अनुगमनको लागि बजारका समग्र क्रियाकलापहरुलाई निम्न क्षेत्रमा विभाजन गरिएको छ।

१. खाद्यबस्तुको उत्पादन र बिक्रि वितरण गर्ने उद्योग एवं व्यवसाय
२. होटल तथा रेष्टुरेन्ट व्यवसाय
३. उपभोग्य औषधिजन्य व्यवसाय
४. सेवा क्षेत्र, यातायात शिक्षा
५. अखाद्यवस्तुको विक्रि वितरण गर्ने व्यवसायः- ग्यास, प्रेटोलियन पदार्थ, भेटेरीनरी र मलबिउ

३. बजार अनुगमनका प्रकारः

जिल्लामा हुने बजार अनुगमनलाई प्रभावकारी बनाउन निम्न प्रकारका बजार अनुगमन गरिनेछ।

१. एकल अनुगमनः यसमा विषयगत कार्यालयहरुले आफ्नो कार्य क्षेत्र र अधिकार क्षेत्र भित्र प्रभावकारी अनुगमन गर्न लगाईनेछ। कार्यालयहरुको आफ्नो वार्षिक अनुगमन कार्ययोजना रहनेछ।
२. संयुक्त अनुगमनः यसमा विषयगत कार्यालयहरुले साथै सरोकारवालाहरुको समेत सहभागितामा बजारको अनुगमन गरिनेछ।

४. बजार अनुगमन विधिहरुः

बजार अनुगमनलाई प्रभावकारी बनाउन निम्न विधिहरु अवलम्बन गरिनेछ।

१. सहभागितामुलक बजार अनुगमन।
२. मागका आधारित वा परिस्थितिजन्य अनुगमन।
३. उजुरीका आधारमा अनुगमन।
४. सूचनाका आधारमा गरिने अनुगमन।

चित्राङ्गत बराल
सहायक प्रमुख जिल्ला अधिकारी

# बागलुङ जिल्लाको बजार अनुगमन कार्ययोजना (२०८१/०८२)

| क.सं | अनुगमनका क्षेत्र/मुख्य कार्यहरु | अनुगमनका मुख्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयसारणी | सूचक | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|
| १ | खाद्यबस्तुको उत्पादन र विक्रि वितरण गर्ने उद्योग एव् व्यवसाय | ✓ खाद्यन्न बस्तुको विक्रि वितरण गर्ने व्यवसायको अनुगमन गर्ने।<br>✓ फलफुल तथा तरकारी पसलको अनुगमन गर्ने<br>✓ खाद्यवस्तुको उत्पादन गर्ने उद्योगको अनुगमन गर्ने<br>✓ मासुजन्य व्यवसायको अनुगमन गर्ने | ✓ जिल्ला प्रशासन कार्यालय<br>✓ जिल्ला प्रहरी कार्यालय<br>✓ पर्यटन तथा उद्योग कार्यालय<br>✓ सम्बन्धि स्थानीय तह<br>✓ खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय<br>✓ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र<br>✓ उद्योग वाणिज्य संघ<br>✓ पत्रकार महासंघ<br>✓ उपभोक्ता अधिकार मन्च | प्रत्येक महिनामा कम्तिमा ३ दिन | ✓ दर्ता, नविकरण<br>✓ कर चुक्ता<br>✓ लेवलिङ<br>✓ नापतौलको अवस्था<br>✓ कृतिम अभाव<br>✓ मूल्य सूची<br>✓ साइन बोर्ड<br>✓ गुणस्तर<br>✓ खरिद बिक्रि बिल<br>✓ अनुज्ञापत्र | गुणस्तरिय वस्तु तथा सेवामा तोकिए मूल्यमा उपभोक्ताको सहज र सरल पहुँचको सुनिश्चितता हुने। |
| २ | होटल, रेष्टुरेन्ट तथा मिठाई व्यवसाय, सडक खाद्य व्यवसाय | ✓ होटल तथा रेष्टुरेन्ट व्यवसायको अनुगमन गर्ने<br>✓ मदिराजन्य व्यवसायको अनुगमन गर्ने। | ✓ जिल्ला प्रशासन कार्यालय<br>✓ जिल्ला प्रहरी कार्यालय<br>✓ पर्यटन तथा उद्योग कार्यालय<br>✓ सम्बन्धि स्थानीय तह | प्रत्येक महिनामा कम्तिमा १ दिन | ✓ दर्ता, नविकरण<br>✓ कर चुक्ता<br>✓ लेवलिङ<br>✓ नापतौलको अवस्था<br>✓ कृतिम अभाव<br>✓ मूल्य सूची | गुणस्तरिय होटल तथा रेष्टुरेन्ट सेवामा उपभोक्ताको सहज र सरल पहुँचको सुनिश्चितता हुने। |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ✓ खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय<br>✓ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञा केन्द्र<br>✓ उद्योग वाणिज्य संघ<br>✓ पत्रकार महासंघ | | ✓ साइन बोर्ड<br>✓ गुणस्तर<br>✓ खरिद बिक्रि बिल<br>✓ सरसफाई<br>✓ बाल कामदार | |
| ३. | उपभोग्य औषधीजन्य व्यवसाय। | ✓ अस्पतालहरुको अनुगमन गर्ने<br>✓ मेडिकल हल, फार्मेसीको अनुगमन गर्ने | ✓ जिल्ला प्रशासन कार्यालय<br>✓ जिल्ला प्रहरी कार्यालय<br>✓ सम्बन्धित स्थानीय तह<br>✓ जिल्ला स्वास्थ्य कार्यालय<br>✓ पत्रकार महासंघ<br>✓ औषधी व्यवस्था विभाग समेतको सहभागिता।<br>✓ उपभोक्ता हित सम्बन्धी संस्था। | नियमित | ✓ दर्ता, नविकरण<br>✓ कर चुक्ता<br>✓ लेवलिङ<br>✓ नापतौलको अवस्था<br>✓ इजाजत पत्र<br>✓ WHO GMP certification<br>✓ Storage status maintain<br>✓ Narcotic Durgs prescription record maintain<br>✓ Disposal system Maintain | |
| ४. | सेवा क्षेत्र यातायात | सवारी तथा यातायात व्यवस्था ऐन र नियमावलीको प्रावधानको अनुशरण भए नभएको चेक जाँच | ✓ जिल्ला प्रशासन कार्यालय<br>✓ जिल्ला प्रहरी कार्यालय<br>✓ पर्यटन तथा उद्योग कार्यालय | नियमित | ✓ टिकट<br>✓ यात्रु संख्या<br>✓ यातायातको अवस्था | सरल, गुणस्तरिय एवम सुरक्षा यात्राको सुनिश्चितता। |

चिरञ्जीवी बराल
सहायक प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बस पार्कहरुको संचालन र व्यवस्थापनको अवस्था<br>ट्राफिक प्रहरीहरुबाट भएका काम कारवाहीको अनुगमन<br>यात्रु ठगी र बढी भाडा सम्बन्धी चेकजाँच | ✓ सम्बन्धित स्थानीय तह<br>✓ उद्योग वाणिज्य संघ<br>✓ पत्रकार महासंघ<br>✓ यातायात व्यवस्था कार्यालय<br>✓ ट्राफिक प्रहरी<br>✓ उपभोक्ता अधिकार सम्बन्धी संस्था | | | |
| ५. | अखाद्यबस्तुको विक्रि वितरण गर्ने व्यवसाय ग्यास, प्रेट्रोलियन पदार्थ, भेटेरिनरी र मलबिउ, कपडा पसल, फेन्सी र अन्य व्यवसाय। | ग्यास, प्रेट्रोलियन पदार्थ, भेटेरिनरी र मलबिउ लगाएतका वस्तुको अनुगमन<br>कृषी क्षेत्रमा प्रयोग हुने औषधीको अनुगमन | ✓ जिल्ला प्रशासन कार्यालय<br>✓ जिल्ला प्रहरी कार्यालय<br>✓ घरेलु तथा पर्यटन उद्योग कार्यालय<br>✓ सम्बन्धित स्थानीय तह<br>✓ उद्योग वाणिज्य संघ<br>✓ पत्रकार महासंघ<br>✓ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र<br>✓ कृषी ज्ञान केन्द्र<br>✓ उपभोक्ता अधिकार सम्बन्धी संस्था | नियमित | ✓ दर्ता, नविकरण<br>✓ कर चुक्ता<br>✓ लेवलिङ<br>✓ नापतौलको अवस्था<br>✓ कृतिम अभाव<br>✓ मूल्य सूची<br>✓ साइन बोर्ड<br>✓ गुणस्तर<br>✓ खरिद बिक्रि बिल<br>अनुज्ञापत्र | ग्यास तथा प्रेट्रोलियन पदार्थ एव कृषी क्षेत्रमा प्रयोग हुने अन्य बस्तुमा नागरिकको सरल र सहज पहुँचा हुने। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

सहायक प्रमुख जिल्ला अधिकारी